मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः १ | अङ्कः २ | मितिः २०७९ श्रावण १० गते, मंगलबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति








## मर्स्याङ्दी गाउँपालिकाको दोस्रो गाउँसभाको पहिलो अधिवेशन सम्पन्न




### नीति तथा कार्यक्रम प्रस्तुत



मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूले मिति २०७९ असार १० गते प्रस्तुत गर्नुभयो । उक्त नीति तथा कार्यक्रममा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन-वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत संरचना, सेवा प्रवाह सुशासन तथा पारदर्शिता, सूचना प्रविधिको उच्च प्रयोग लगायतका विषयमा विशेष प्राथमिकता दिइएको छ ।

### बजेट वक्तव्य प्रस्तुत

मिति २०७९ असार १० गते मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष जुनामाया थापाज्यू बाट आर्थिक वर्ष २०७९/८० को बजेट वक्तब्य प्रस्तुत गरिएको थियो। आर्थिक वर्ष २०७९/८० मा कुल ५४ करोड ९९ लाख ४५ हजार ९ सय ४२ रुपैयाँको बजेट विनियोजन भएको छ । जसमा चालु तर्फ रु ७ करोड ३९ लाख, पूँजीगत तर्फ रु २० करोड ७५ लाख, सशर्त तर्फ रु २३ करोड ८७ लाख, गरिबसँग विशेश्वर कार्यक्रम तर्फ रु ४ लाख ६५ हजार र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फ रु ३ लाख ८० हजार ९ सय ४२ खर्च हुने अनुमान गरिएको छ ।



### बजेट तथा कार्यक्रम पारित



मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को बजेट अधिवेशनको दोस्रो बैठक मिति २०७९ असार २० गते, बजेट तथा विभिन्न विधेयकहरु पारित गर्दै सम्पन्न भयो । जसमा सम्पूर्ण वडाका वडा अध्यक्ष ज्यूहरुबाट आ-आफ्ना धारणा राखिएको थियो भने सभाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रस्तावमा बजेट तथा कार्यक्रम र विधेयकहरु सर्वसम्मत रूपमा पारित भयो।

### निस्सा वितरण कार्यक्रम



मर्स्याङ्दी गाउँपालिकामा भूमीहीन र अव्यवस्थित बसोबासीहरुलाई लालपूर्जा वितरण प्रक्रियाका लागि निस्सा वितरण गरिएको छ । राष्ट्रिय भूमि आयोग, लमजुङको सहकार्यमा मर्स्याङ्दी गाउँपालिकाले वडाको समन्वयमा निस्सा वितरण गरेको हो । मिति २०७९ असार २४ गते शुक्रबार गाउँपालिकामा अभिमुखीकरण कार्यक्रम सहित भूमिहीनहरूका लागि निस्सा वितरण कार्यक्रम गरिएको हो। मर्स्याङ्दी गाउँपालिकामा रहेका ७८ भूमिहीन र १७७ अव्यवस्थित बसोबास गरिरहेका जम्मा २५५ जना नागरिकहरुलाई निस्सा वितरण गरिएको छ । गाउँपालिका अध्यक्ष अर्जुन गुरुङ, राष्ट्रिय भूमि आयोगका जिल्ला अध्यक्ष दामोदर अधिकारी, आयोगका विज्ञ सदस्य, वडाअध्यक्ष सहितको टोलीले निस्सा वितरण गरेको थियो । भूमिहीन सुकुम्वासी पहिचान भएका व्यक्तिलाई निस्सा प्रदान गर्दै गाउँपालिका अध्यक्ष अर्जुन गुरुङज्यूले आवश्यक प्रक्रिया पूरा गरी जति सक्दो छिटो लालपूर्जा वितरण गरिने बताउनुभयो ।

मर्स्याङ्दी बुलेटीन

वर्षः १ | अङ्कः २ | मितिः २०७९ श्रावण १० गते, मंगलबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## घटना दर्ता, सामाजिक सुरक्षा र मालपोत सम्बन्धी तालिमः

मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा मिति २०७९ असार ११ देखि १३ गते सम्म सम्पूर्ण वडाका वडाअध्यक्षहरु र वडा सचिवहरुको लागि घटना दर्ता, सामाजिक सुरक्षा र मालपोत सम्बन्धी तालिम सञ्चालन भएको थियो। उक्त कार्यक्रमको उद्घाटन गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्यूले गर्नुभएको थियो भने प्रशिक्षण प्रस्तुती पालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री प्रेमचन्द्र अर्याल, सूचना प्रविधि अधिकृत श्री भरत राज बाँस्तोला, कम्प्युटर अपरेटर श्री बसन्त बरुवाल र एम.आई.एस अपरेटर श्री सुवास गुरुङले गर्नुभएको थियो ।





## समावेशी सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम



मिति २०७९ असार ५ गते निर्वाचित जनप्रतिनिधिहरुका लागि परियोजनाको जानकारी तथा समीक्षा एवम् मानसिक स्वास्थ्य तथा मनोसामाजिक सु-स्वास्थ्य अभिमुखीकरण कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न भयो । उक्त अवसरमा कोशिस नेपालका परियोजना संयोजक विष्णु चिलुवालज्यूले मर्स्याङ्दी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुलाई टीका तथा खादा लगाई सम्मान गर्नुभएको थियो ।





## नागरिक आरोग्य कार्यक्रम

मिति २०७९ असार २४ गते पानीनुनखानी आयुर्वेद औषधालय मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा "नागरिक आरोग्य अभिमुखीकरण कार्यक्रम" मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा गा.पा. उपाध्यक्ष जुनामाया थापाज्यू, जनप्रतिनिधिहरु, बुद्दिजीवी, समाजसेवी लगायत नागरिक अगुवाहरुको उपस्थिति थियो। गरौं योग बनौं निरोग भन्ने मूल मान्यताका साथ आयुर्वेदिक जीवनयापन गर्नको लागि निकै नै प्रेरणादायक कार्यक्रम भएको अध्यक्ष श्री अर्जुन गुरुङज्यूले जानकारी दिनुभयो ।





## चौथो पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा मिति २०७९ असार ११ र १२ गते पालिका स्तरीय चौंथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अमर मा.वि. खुदीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री जित बहादुर गुरुङको अध्यक्षता तथा मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा श्री अमर माध्यमिक विद्यालय खुदीको प्राङ्गणमा विविध खेलहरु समावेश गरी भव्यताका साथ सम्पन्न भयो ।जसमा श्री अमर मा.वि. खुदी प्रथम, श्री हिमचुली आवासीय मा.वि. खुदी द्वितीय र श्री प्रेम मिलन मा.वि. छापा तृतीय हुन सफल भएका छन्।





## पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम

मिति २०७९ असार १५ र १६ गते मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा शैक्षिक सत्र २०७९ देखि कक्षा ४, ७ र ९ मा कार्यान्वयन भएको नयाँ पाठ्यक्रम / पाठ्यपुस्तक कार्यान्वयन प्रबोधीकरण कार्यक्रम मर्स्याङ्दी गाउँपालकाका अध्यक्ष श्री अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा यस गाउँपालिका भित्रका आ.वि. कक्षा १-५/६-८ र माध्यमिक विद्यालयमा विभिन्न विषय शिक्षण गर्ने शिक्षकहरुको सक्रिय सहभागिता रहेको थियो ।






## गाउँकार्यपालिकाको बैठक



मिति २०७९ असार २८ गते यस मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको बैठक सम्पन्न भएको छ । जसमा सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि विभिन्न समितिहरुको निर्माण गर्नका साथै कार्यक्रम सञ्चालनको आधिकारिक खाका पनि तयार गरिएको छ ।

## मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

- भरत राज बाँस्तोला
- बसन्त बरुवाल
- सृजना पाण्डे चिलुवाल
- सरोज गुरुङ
- सुनिता दर्शौंदी
- रुपा वंशी मगर